

**के तपाईको घर पानीले रसाएको छ ?**
**अब चिन्ता नगर्नुहोस !**
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ७३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ चैत १४ गते मंगलबार ❑ 28 March 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## पोखराको पर्यटन उकालो लाग्दै

**पोखरापत्र संवाददाता**
पोखरा १३ चैत

कोरोनाबाट थलिएको पोखराको पर्यटन क्षेत्र विस्तारै उकालो लाग्दै छ ।

कोरोनाबाट अघिल्लो दुई बर्ष निकै कम पर्यटक आगमन भएको पोखरामा चालु आर्थिक बर्षमा उत्साहजनक रुपमा पर्यटक आगमन हुन थालेको छ । पोखरा आउने समग्र पर्यटकहरुको तथ्याङ्क हालसम्म कुनै निकायले पनि राख्न (अध्यावधिक) गर्न नसकेको अबस्थामा पोखराका केही पर्यटकीय स्थल तथा विमानस्थलसंग मात्र केही तथ्याङ्कहरु रहने गर्दछ ।

पोखराका पर्यटकीय गन्तव्यहरु मध्यको एक हो पोखरा अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय । पोखराको मानव निर्मित पर्यटकीय गन्तव्यमा निकै आकर्षणको केन्द्र भएको उक्त संग्रहालयमा पछिल्लो समयमा विदेशी सहित सार्क मुलुक र आन्तरिक पर्यटक आगमनमा बृद्धि भएको छ । चालु आर्थिक बर्षको चैत महिनाको पहिलो सातासम्म उक्त संग्रहालयमा १० हजार ६ सय ६० जना विदेशी पर्यटक भित्रिएका छन भने अघिल्लो दुई बर्षमा ४ हजार ५ सय ३४ जना मात्र विदेशी पर्यटकहरु भित्रिएको संग्रहालयले दिएको तथ्याङ्कमा उल्लेख छ। यसरी हेर्दा अघिल्लो २०७७/०७८ मा २ सय ३० विदेशी पर्यटक संग्रहालयमा भित्रिएका थिए भने गत बर्ष २०७८/०७९ मा ४ हजार २ सय ८४ जना पर्यटक भित्रिएका थिए । विदेशी पर्यटकको हकमा पछिल्लो दुई बर्षको तथ्याङ्क हेर्दा चालु बर्षको करिब ८ महिनामा ५७.४६ प्रतिशतले बढी पर्यटक भित्रिएका छन्।

उक्त संग्रहालयमा अवलोकन गर्न आउने विदेशी पर्यटक, सार्क मुलुकका र आन्तरिक पर्यटक तथा विद्यार्थीहरुको सङ्ख्यामा बढोत्तरी भएको पोखरा अन्तर र्राष्ट्रिय पर्वतीय संग्रहालयकी कार्यकारी निर्देशक निर्मला न्यौपानेले बताइन् । कोभिड पछि विस्तारै पोखरा घुमघामा आउने पर्यटकहरुको सङ्ख्यामा समेत बृद्धि भएको उनले जनाइन् ।

चालु आर्थिक बर्षको चैत महिनाको पहिलो सातासम्म उक्त संग्रहालयमा विदेशी, सार्क मुलुकका सहित आन्तरिक पर्यटक गरी १ लाख ४६ हजार ६ सय ८ जना पर्यटक भित्रिएका छन्। १४ हजार ५ सय १३ जना सार्क मुलुकका पर्यटक, १० हजार ६ सय ६० तेश्रो मुलुकका विदेशी पर्यटक, ३४ हजार ९ सय ८० जना नेपाली पर्यटक, बिद्यार्थीहरु ८० हजार ९ सय २४, निःशुल्क रुपमा ५ हजार ९ सय ६४ जना पर्यटक उक्त संग्रहालयमा अवलोकन गरेका छन् । गत वर्ष उक्त संग्रहालयमा सार्क मुलुकका १६ हजार ५ सय ३३, नेपाली ५० हजार ५ सय ४२, विद्यार्थी ५८ हजार ६ सय ५१ जना अवलोकन गर्न भित्रिएका संग्रहालयले दिएको तथ्याङ्कमा जनाइएको छ। त्यसै गरी आर्थिक बर्ष २०७७/०७८ मा विदेशी २ सय ३०, सार्क मुलुकका १ हजार २३, नेपाली २८ हजार २ सय ५६, १३ हजार ३ सय ३९ जना बिद्यार्थी सहित ४५ हजार ६ सय २ जना पर्यटकहरुले संग्रहालयमा अवलोकन गरेका थिए । त्यसै गरी आर्थिक बर्ष २०७६/०७७ मा २० हजार २ सय ४३ जना विदेशी सहित १ लाख ८९ हजार ७ सय १६ जना पर्यटक संग्रहालयमा भित्रिएका थिए ।

संग्रहायलमा २०७५/७६ मा सबै भन्दा बढी पर्यटक आगमन भएको थियो । २०६०/०६१ बाट संग्रहालयमा पर्यटकहरुको लागि खुल्ला गरेसंगै २० बर्षको दौरानमा सबै भन्दा धेरै २०७५/७६ मा ३१ हजार २ सय ३० जना विदेशी, २९ हजार २ सय ८१ सार्क मुलुकका सहित २ लाख ६९ हजार ६ सय ३८ जना पर्यटकहरु संग्रहालय भित्रिएका थिए। पोखरामा रहेको अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय आन्तरिक तथा बाह्यिय पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ । हिमाली क्षेत्रका कलदा संस्कृति भेषभुषा सहितका गतिविधिको पहिचान झल्किने गरी पोखरामा स्थापना गरिएकोउक्तसंग्रहालयमाअध्ययन अवलोकनका लागि पर्यटकहरु आउने गर्दछन् । संग्रहालयमा कोरीया, जापान, ताइवान सहितका विदेशीहरुको समेत कला संस्कृति र भेषभुषा झल्कने बिषय बस्तु राखिएको संग्रहालयकी कार्यकारी निर्देशक न्यौपानेले बताइन् ।

संग्रहालय प्रबेश गरेको विदेशीलाई ५ सय, सार्क मुलुकका पर्यटकलाई २ सय ५०, नेपाली पर्यटकलाई १ सय, बिद्यार्थीहरुको लागि ५० रुपैया शुल्कः रहेको उनले जनाइन्। त्यसै गरी संग्रहालय परिसरमा रहेको गार्डेनमा मात्र प्रबेश गर्दा भने ३० रुपैया शुल्क लाग्ने गर्दछ ।

## स्याङ्जामा २५ प्रतिशत घर जग्गामा महिलाको स्वामित्व

**पोखरापत्र संवाददाता**
स्याङ्जा १३ चैत

स्याङ्जाको कुल परिवार संख्याको २५ प्रतशित महिलाको घर जग्गा (सम्पत्ति) मा स्वामित्व रहेको पाईएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार जिल्लाको कुल परिवार संख्या मध्ये २५ प्रतिशत महिलाको घर जग्गा (सम्पत्ति) मा स्वामित्व रहेको पाईएको हो ।

स्याङ्जाको परिवार सख्ंया ६८ हजार ९ सय ५९ रहेकोमा १७ हजार ६ सय ३१ महिलाको सम्पत्तिमा स्वामित्व रहेको छ । जिल्लाको कुल जनसंख्या २ लाख ५३ हजार २४ मध्ये ५३ दशमलब ९ प्रतिशत अर्थात १ लाख ३६ हजार ३ सय ४६ महिला छन् भने ४६ दशमलब १ प्रतिशतले हुने १ लाख १६ हजार ६ सय ७८ पुरुष छन् । सम्पत्तिका ३ किसिममा महिलाहरुको स्वामित्व फरक फरक छ। जग्गामा मात्रै स्वामित्व रहेको संख्या ८ हजार ३ सय ७३ छ भने घर सम्पत्तिमा २ हजार ९५ महिलाको स्वामित्व छ। घर र जग्गा दुबै सम्पत्तिमा स्वामित्व रहेको महिलाको संख्या ७ हजार १ सय ६३ रहेको छ।

प्रति घरपरिवार ३ दशमलब ६७ संख्या रहेको स्याङ्जामा ७१ प्रतिशत अर्थात ४८ हजार ९ सय १५ परिवारको सम्पत्ति पुरुषको स्वामित्वमा छ । जनगणना अनुसार ३ दशमलब ४ प्रतिले हुने २ हजार ३ सय ७७ परिवारले सम्पत्तिमा स्वामित्व महिला र पुरुष दुबै विवरण उल्लेख गरेका छैनन् । जिल्लामा ६० हजार ८ सय ७४ परिवार आफ्नै घरमा बसोबास गर्ने गरेका छन् भने ७ हजार १ सय ५९ परिवार भाडामा बस्दै आएको तथ्याङ्कमा उल्लेख छ। तथ्याङ्क अनुसार माटोको घरमा ४४ हजार ३ सय ६० परिवार बसोबास गरेका छन भने ढुङ्गा र ईट्टाको घरमा १४ हजार ४ सय १७ र सिमेन्ट ढलानको घरमा ९ हजार ८ सय १४ परिवार बस्दै आएका छन् । सम्पत्तिमा २५ प्रतिशत स्वामित्व रहेका स्याङ्जाका अधिकांश अर्थात ३६ प्रतिशत महिलाले सरदर १९ वर्षमा विवाह गरेको तथ्याङ्कमा देखिन्छ । विवाह दर्ताका आधारमा १६ वर्षमा २७ प्रतिशत र २२ वर्षको उमेरमा १८ प्रतिशत महिलाले विवाह गरेको देखिन्छ । १० देखि १४ वर्षको उमेरमा विवाह गर्नेको संख्या जिल्लामा १ हजार २ सय ३३ पुरुष हुँदा ९ हजार ७१ महिला रहेका छन् ।

पुरुष ९० र महिला साक्षर ७५ प्रतिशत रहेको जिल्लामा कुल साक्षर दर झण्डै ८२ प्रतिशत रहेको छ। १० जोड २ वा सो सरह उच्च तह उर्त्तिण कुल ३८ हजार ९१ जना मध्ये मानविकी तथा सामाजिकमा १ हजार ४ सय ६५, व्यवस्थापन संकायमा ६ हजार ३ सय २, शिक्षामा ८ हजार ८ सय ५३, विज्ञान विषयमा ५ सय ८२, स्वास्थ्य तथा चिकित्साशास्त्रमा ४ सय ८६ र ईन्जिनियरिङ्ग अध्ययनमा ७२ गरी १७ हजार ७ सय ६० महिलाले उच्च शिक्षा हासिल गरेको देखिन्छ ।

## ३२ बुदँ निर्णय गर्दै सकियो जिसस कास्कीको छैटौं जिल्ला सभा

**पोखरापत्र संवाददाता**
पोखरा, १३ चैत



जिल्ला समन्वय समिति कास्कीको छैटौं जिल्ला सभा ३२ बुदैं प्रस्तावित कार्यक्रम तथा निर्णय गरी सम्पन्न भएको छ ।

जिसस सभाहलमा सोमबार बसेको जिल्ला समन्वय समिति कास्कीको छैटौं जिल्ला सभाले नेपाल सरकार, प्रदेश सरकार तथा स्थानिय तहबाट भईरहेका विकासका आयोजनाहरु, अन्य निर्माण कार्य, राष्ट्रिय गौरवका आयोजना र रुपान्तरणकारी आयोजनाहरुको निर्माण कार्य तोकिएको समयमा


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## रंगमञ्च दिवसमा प्रेस क्लबको अन्तरक्रिया


**पोखरापत्र संवाददाता**
पोखरा, १३ चैत



प्रेस क्लब गण्डकीले सोमबार 'कोभिड १९ पछिको पोखराको रंगमञ्च र अबको बाटो' शिर्षकमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

विश्व रंगमञ्च दिवसको अवसरमा पोखरा थिएटरको गन्धर्व नाटकघरमा आयोजना गरिएको कार्यक्रममा सबैको सामुहिक प्रयासमा पोखराको रंगमञ्चलाई थप व्यवस्थित गर्नुपर्नेमा वक्ताहरुले जोड दिए । अहिले भइरहेका गतिविधिमा मात्र सन्तुष्ट नभई भएका कमीकमजोरीलाई सुधार गर्दै अगाडि बढ्न सकेमा यसको भविष्य सुन्दर हुन सक्ने उनीहरुको भनाई थियो । उनीहरुले नाटक क्षेत्रमा लाग्ने रंगकर्मीको दक्षता वृद्धि गर्न पोखरामा नाटक सम्बन्धी अध्ययन गर्नको लागि एकेडेमी आवश्यक भएको समेत औल्याए । यो क्षेत्रमा देखिएका केही समस्याका बारेमा समेत उनीहरुले खुलेर कुरा गरें । वक्ताको रुपमा पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पदमराज ढकाल, पोखरा थिएटरका अध्यक्ष परिवर्तन, गण्डकी प्रज्ञा प्रतिष्ठानका प्राज्ञ जसमाया गुरुङ जसु, इन्द्रेणी थिएटरका अध्यक्ष केदारप्रसाद पौडेल रहेका थिए । कार्यक्रमको सहजिकरण क्लबका उपाध्यक्ष राजाराम पौडेलले गरेका थिए । कार्यक्रममा बोल्दै पोखरा प्रज्ञा प्रतिष्ठानका कुलपति पदमराज ढकालले प्रतिष्ठान स्वायत्त हुन नसक्दा कला क्षेत्रमा अपेक्षाकृत काम गर्न नसकेको बताए । उनले पोखरामा सुविधा सम्पन्न थिएटर आवश्यक रहेको भन्दै त्यसको निर्माणमा सबैजनाले पहल गर्नु पर्ने कुरामा जोड दिए। प्रतिष्ठानले नियम विनियमहरु निमार्ण गरे पनि कार्यान्वयनमा जान नसक्दा पोखराको कला क्षेत्रमा उल्लेख्य काम गर्न नसकेका स्विकारे । प्रक्रियागत झन्झटिललाका कारण समेत काम गर्न समस्या भएको उनले सुनाए । यति हुँदा हुदै समेत पोखरामा भइरहेका रंगमञ्चिय गतिविधिमा सधै साथ सहयोग गर्दै आएको र निरन्तरता दिने उनले खुलाए। पोखरा थिएटरका अध्यक्ष परिर्वतनले सधैं राज्यको मुख ताक्नु गलत रहेको बताए। राज्यले नीतिगत रुपमा प्रोत्साहान गरेर पोखरामा नाटक सम्बन्धी अध्ययन गर्नको लागि नाट्य एकेडेमी संचाल गर्नुपर्ने र आवश्यकता औल्याए । विद्यालयको पाठ्यक्रम निमार्ण गर्दा नाटकलाई समेत समावेश गरी स्थानीय र प्रदेश सरकार लाग्न सके नाट्य क्षेत्रको भविष्य उज्वल हुने उनको भनाई थियो। हाल १३ जना कलाकारलाई पूर्णकालीन कलाकारको रुपमा थिएटरमा जोडेको र यो संख्या २० पुऱ्याउने आफूहरुको लक्ष्य रहेको उनले खुलाए । कोरोनाको कारण समस्यामा परेको यो क्षेत्र पुनः पुरानै अवस्थामा फर्किएको जनाए। आगामी दिनको लागि तय गरेका केही योजना उनले सुनाए।

गण्डकी प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सदस्य जसुमाया गुरुङ जसुले पोखरामा भएका रंगमञ्चिय गतिविधि निरन्तर हुन जरुरी रहेको बताइन् । नाटकको माध्यमबाट प्रदेशको कला स्थानीय संस्कृतीहरुको संरक्षण हुने र नयाँ पुस्तामा लोक संस्कृतीको हस्तान्तरण हुने बताइन् । गण्डकी प्रज्ञा प्रतिष्ठानले नाट्य क्षेत्रसँग सम्बन्धीत गतिविधिमा निरन्तर सघाउने भनाई उनको थियो । पोखरामा भइरहेका नाट्य गतिविधिले नयाँ पुस्ताको ध्यान खिच्न सफल भएकोमा खुशी व्यक्त गरिन् । इन्द्रेणी थिएटरका अध्यक्ष केदारनाथ पौडेलले पोखराका रंगकर्मी परिवर्तन हुन आवश्यक रहेको बताए। पोखराले नाट्य क्षेत्रमा अझै फराकिलो गरी सोच्नुपर्ने उनको भनाई थियो । राज्यका निकायले प्रदान गर्ने सहयोग कम भएको प्रति चिन्ता व्यक्त दिने भनिएको सहयोग समेत समयमा पाउन नसक्दा समस्या हुने गरेको खुलाए । संख्यात्मक रुपमा भन्दापनि गुणात्मक रुपमा नाटक निर्माण हुनुपर्नेमा उनको जोड थियो। उनले कार्यक्रम र तालिमका क्रममा विभिन्न देश पुग्दाको अनुभव समेत सुनाए । कार्यक्रममा सहभागी मदनराज थापा, सन्तोष बस्याल, लक्ष्मण डुम्रे, आशा मगर लगायतले समेत अबको बाटो सुन्दर बनाउन सुझाब दिएका दिएका थिए। पोखरा प्रज्ञा प्रतिष्ठान र पोखरा थिएटरको सहकार्यमा कार्यक्रम गरिएको हो । क्लबका अध्यक्ष एकराज गिरी र सचिव गौरव त्रिपाठीले पनि प्रेस क्लब तथा अन्तरक्रिया कार्यक्रमको महत्वका बारेमा प्रष्ट पारेका थिए । सोही कार्यक्रममा पोखरा थिएटरको प्रस्तुतीमा आगामी बैशाख १ गतेदेखि ९ गतेसम्म मञ्चन हुने नाटक उर्वशी सूक्तको पोष्टर सार्वजनिक समेत गरिएको थियो । शिव संकल्पले परिकल्पना तथा लेखन गरेको नाटकको निर्देशन त्रिवेणीले गर्दैछन् । विश्व रंगमञ्च दिवस हरेक वर्ष मार्च २७ मा मनाइन्छ । अन्तराष्ट्रिय रंगमञ्च संस्थानद्धारा सन् १९६२ बाट यो दिवस मनाउन थालिएको हो । यस अगाडि प्रेस क्लबले 'स्ववियु आवश्यकता र औचित्य' विषयक अन्तक्रिया कार्यक्रम समेत आयोजना गरेको थियो । यस्ता कार्यक्रम निरन्तर रुपमा आयोजना गर्ने प्रेस क्लब गण्डकीले जनाएको छ।

# नेपाली काँग्रेस गण्डकी प्रदेशको वैठक

**पोखरापत्र संवाददाता**
पोखरा, १३ चैत




नेपाली काँग्रेस गण्डकी प्रदेश कार्यसम्पादन समितिको सोमवार बसेको वैठकबाट विविध निर्णय सहित कार्यक्रम सम्पन्न भएको छ।

नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले वैठकमा बोल्दै प्रदेश तथा संघको निर्वाचनमा आम जनताको विश्वास गरी पहिलो दल बनाउन सहयोग गरेकोमा धन्यवाद व्यक्त गर्दै जनताका विचमा गरेका प्रतिवद्धतालाई सत्तामा रहेका जनप्रतिनिधिहरुले विर्सन नहुने जानकारी गराए।

"हामीले जनतासँग एउटा संकल्प गरेका छौं, जुन विश्वासलाई अब काममा देखाउने अवस्था आएको छ । हिजोको कामलाई अध्ययनमा राखेर कसैलाई भेदभाव नगरी नकरात्मक टिप्पणी नउठ्ने गरी सावधान रहेर सत्तामा रहेका र पार्टीमा रहेका सम्पूर्णले सकरात्मक काम गर्नुपर्छ। उनले भने, अब ५ वर्षपछि निर्वाचनमा जाँदा जनताले प्रत्यक्ष मनन गर्नेगरी काम गरेमा मात्र जनताको आशा र भरोसाले सार्थकता पाउछ ।" त्यसैगरी सभापति शर्माले नेपाली कांग्रेस पार्टी र नेपाली कांग्रेसका तर्फबाट उम्मेदवार बनी जनताबाट निर्वाचित भएका जनप्रतिनिधिहरु साझा रहेको र एउटै डुंगामा बसेको बताउदै पार्टीका कार्यकर्ता र सत्तामा रहेका जनप्रतिनिधिबाट एउटा संरचना बनेको छ । वैठकमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा गण्डकी प्रदेशका संसदीय दलका नेता सुरेन्द्र राज पाण्डेले नेपाली कांग्रेसको नेतृत्वमा गण्डकी प्रदेश सरकार बन्ने विश्वास दिलाएका थिए । उनले भने, "नेपाली कांग्रेसको नेतृत्वमा सरकार बन्ने वातावरण बनेको छ, हाम्रै नेतृत्वमा सरकार बन्छ, सरकार बनेपनि मन्त्रालयको संख्या बढ्नेछैन । बरु जनताबाट जस पाउने गरी काम गर्नुका साथै जनतालाई डेलिभरी दिनेगरी काममा प्रदेश सरकार लाग्ने छ ।" पार्टी तहमा केन्द्र, प्रदेश र जिल्लाले जनमुखी कार्यक्रमहरु गर्दा नजुध्ने गरी काम गर्नुपर्छ । जसले पार्टीका विभिन्न निकाय र जनतामा थप हौसला प्रदान गर्ने उनले वैठकमा जानकारी गराएका थिए । त्यसैगरी नेपाली कांग्रेस गण्डकी प्रदेशका प्रवक्ता माधव प्रसाद बास्तोला (मधु)ले जिल्ला कार्यसमितिलाई चलायमान, गतिशिल व्यवस्थित बनाउनका लागि गण्डकी प्रदेश भित्र रहेका ११ जिल्लाका सचिव, कोषाध्यक्ष र सहसचिवसँग अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम गर्ने वैठकबाट निर्णय भएको जानकारी गराएका थिए । साथै पार्टी संगठन मजबुद बनाउनको लागि प्रदेशका ११ वटै जिल्लामा एकैचोटी पार्टी सदस्यता वितरणको अभियान चलाउने निर्णय गरिएको समेत उनले बताएका थिए। वैठकमा गण्डकी प्रदेशका महामन्त्रीद्वय किरण बावु श्रेष्ठ र विष्णुप्रसाद लामिछानेले कार्यक्रमको विषयवस्तु प्रस्तुत गर्नुका साथै कार्यसम्पादन समितिले प्रस्तावहरुलाई सम्पन्न गर्ने निर्णय गरेको प्रवक्ता बास्तोलाको भनाई रहेको थियो।

उक्त वैठकमा नेपाली कांग्रेस गण्डकी प्रदेशका उपसभापति तथा प्रशिक्षण विभाग संयोजक कल्पना तिवारी, कोषाध्यक्ष बसन्त कुमार श्रेष्ठ, सहमहामन्त्री रमेश कुमार पाण्डे, कोपिला रानाभाट जिल्ला सभापतिहरु डा.टकराज गुरुङ, जित शेरचन र नन्द न्यौपाने लगायतले आफ्नो भनाई राखेका थिए।

# ३२ बुदेँ ...

सम्पन्न गर्न आवश्यक सहयोग गर्ने निर्णय गरेको छ। विपद् बाट उत्पन्न हुने जनधनको क्षेतीलाई न्यूनिकरण गर्न आवश्यक पूर्व तयारी, खोज तथा उद्धार र राहात व्यवस्थापन र पुनः निर्माणको कार्यलाई तिब्रता दिन स्थानिय तह सँग समन्वय गर्ने, जिससको मौजुदा कोष संचालन निर्देशिका २०७५ को कार्यान्वयन र निरन्तरता दिने, अनुगमन तथा मुल्याङ्कन कार्यलाई प्रभावकारी बनाउने, ढुंगा गिट्टी बालुवा उत्खनन् विक्री तथा वितरण मपदण्डलाई कडाइका साथ लागु गर्ने र वातावरणिय प्रभाव मुल्याङ्न गर्ने लगाएतका निर्णय भएको छ। त्यस्तै सभाले जिससलाई आवश्यक पर्ने कानुन संविधान बमोजिम प्रदेश सरकारले बनाउने भनिएको तर प्रदेश सरकारले कुनै ऐन कानुन नबनाईदिएकोले अबिलम्ब बनाउन प्रदेश सरकारलाई माग गर्ने निर्णय समेत गरेको छ । कास्कीको छैटौं जिल्ला सभालाई सम्बोधन गर्दै गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले संविधानले कल्पना गरेको भन्दा बढी अधिकार कुनै पनि निकायले खोज्न नहुने बताउनुभयो । उहाँले जिल्ला समन्वय समिति सम्बन्धि कानुन के के बनाउन आवश्यक छ र त्यसमा केके व्यवस्था गर्नुपर्ने हो सुझाव दिन आग्रह गर्नुभयो । तनहुँका समन्वय प्रमुख शान्तिरवण वाग्लले जिल्ला समन्वय समितिलाई भुमीका विहिन बनाएर कागजमा मात्र सीमित गराउने हो भने यसको कुनै औचित्य नहुने बताउनुभयो । संविधानले नै समितिको परिकल्पना गरेर पदाधिकारी तथा सदस्य बनेकाले यसलाई बलियो बनाउन राजनितिक दल र नेताहरु इमान्दार हुनुपर्ने धारण राख्नुभयो।

कास्की जिल्ला सभाका अध्यक्ष तथा जिल्ला समन्वय प्रमुख लिलाधर पौडेलले प्रदेशले कानुन नबनाइदिँदा अनुगमन, सहजीकरण गर्ने कामले गति लिन नसकेको बताउनुभयो । उहाँले समन्वय समितिको दोस्रो कार्यकाल जारी भईरहदा समेत संविधान बमोजिमको अधिकार पाउनुपर्छ भन्दै जहाँ गएर पनि गुनासोमात्र गर्नुपरेको बताउनुभयो । यसका लागि सरकारले वेवास्ता गर्न नहुने धारणा राख्नुभयो । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले सबै जिल्ला समन्वय समितिले पालिकाको विकास र परिवर्तनका सवालमा समन्वय गरिदिनुपर्ने बताउनुभयो। गाउँपालिका राष्ट्रिय महासंघ गण्डकीका अध्यक्ष एवम् रुपा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले विकास निर्माणका काममा केन्द्र, प्रदेश र स्थानीय तहका समस्या समाधान गर्न जिससले समन्वयकारी भुमीका खोल्नुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा प्रतिनिधि सभाका सदस्य द्धोय विद्या भट्टराई र शिव नेपालीले पालिकाहरुबीच समन्वय गर्ने जिल्ला समन्वय समितिले पनि आफ्नो औचित्य पुष्टि गर्न काम बाटै देखाउनपर्ने धारणा राख्नुभयो।

# भद्रकाली बहुमुखी क्याम्पसमा स्वागत

**पोखरापत्र संवाददाता**
पोखरा, १३ चैत



स्नातक प्रथम वर्ष २०७९/८० का नव प्रवेशी विद्यार्थीहरुलाइ सोमवार भव्यताका साथ स्वागत गरिएको छ।

पोखरा महानगरपालिका वडा नं १३ स्थित भद्रकाली बहुमुखी क्याम्पसमा प्रथम वर्ष अध्ययनरत विद्यार्थीहरुलाई स्वागत भएको हो । क्याम्पस र क्याम्पसको विद्यार्थी कल्याणकारी क्लवको आयोजनमा सो कार्यक्रम गरिएको हो । भद्रकाली बहुमुखी क्याम्पस संचालन समितिका अध्यक्ष माधवप्रसाद सिग्देलले कार्यक्रमको उद्घाटन गर्दै गुणात्मक शिक्षाको लागि संचालन समिति सदैव सहयोग गर्न तयार रहेको भने । भद्रकाली बहुमुखी क्याम्पसका प्रमुख नवराज रेग्मीले उच्च शिक्षाको गन्तव्य बोकेर आएका विद्यार्थीहरुलाई चार वर्ष पछि गौरवको अनुभुति लिएर बजारमा जाने बनाइने दावी गरे।

सहायक क्याम्पस प्रमुख नारायणप्रसाद सापकोटाले जीवनमा सवैभन्दा महत्वपुर्ण भनेको वर्तमान समय भएकोले समयलाई अनिवार्य ख्याल गर्न अनुरोध गरे । सकारात्मक सोच लिएर पारस्परीक हितमा कार्य गर्न सकेमात्र हामी सवैको हित हुने भन्दै सहायक प्रमुख सापकोटाले सवैलाई सहयोगी आँखाले हेर्न भने । क्याम्पस संचालन समितिका सदस्य एवं भद्रकाली मावि व्यवस्थापन समितिका अध्यक्ष लोकवहादुर कार्कीले क्याम्पस र विद्यालयको सदैव नङ र मासुको जस्तो सम्वन्ध रहिरहने भने । क्याम्पसको विद्यार्थी कल्याणकारी क्लवका अध्यक्ष आदेश जि.सीको अध्यक्षतामा भएको कार्यक्रममा

भद्रकाली माविका प्रधानाध्यापक राजेन्द्र भण्डारी, क्याम्पसका प्राध्यापक संघका सभापति तथा अतिरिक्त क्रियाकलापका संयोजक बुद्धिसागर सापकोटा, कल्याणकारी क्लवको सदस्य एवं मानविकी संकाय पुरानो प्रथम वर्षकी ज्योति गुरुङ, मानविकी संकाय प्रथम वर्षमा अध्ययनरत शशिकला गुरुङ, व्यवस्थापन संकाय प्रथम वर्षकी जुलियट घिमिरे, विए प्रथम वर्षमा अध्ययनरत लिलिमा गुरुङ, बिबिएस प्रथम वर्षमा अध्ययनरत धिरज लामा गीत गाएको कार्यक्रममा बिबिएस तेस्रो वर्षमा अध्ययनरत सबनम बानुले स्वागत र बहुप्रतिभाका धनी विद्यार्थीद्धय अस्मिता बराल र जस्मिन घलेले साहित्यमय भाकामा कार्यक्रम संचालन गरेका थिए। कार्यक्रममा विद्यार्थीहरुले उत्कृष्ट नुत्य तथा गीत प्रस्तुत गरेका थिए।

# अदालतको आदेशपछि नदीजन्य सामग्री उत्खननको ठेक्का रद्द

**पोखरापत्र संवाददाता**
पोखरा, १३ फागुन

उच्च अदालत पोखराको आदेशपछि पोखरा महानगरपालिकाले पोखरा-१९ सेती नदीस्थित ढावघाटअन्तर्गत विभिन्न स्थानबाट नदीजन्य सामग्री उत्खननको ठेक्का रद्द गरेको छ।

नदीबाट ढुङ्गा, माटो, गिटी, बालुवालगायत नदीजन्य पदार्थको जथाभावी उत्खनन भइरहेको विषयमा परेको रिट निवेदनमाथि यही चैत ७ गते सुनुवाइ गर्दै अदालतले तत्काल उत्खनन रोक्न अन्तरिम आदेश जारी गरेको थियो । महानगरले नदीजन्य सामग्रीको उत्खनन र बिक्री वितरणका लागि ठेक्का लगाउँदा सेती नदीको दोहन भएको र वातावरण तथा मानवीय जीवनमा असर परेको भन्दै सेती बचाउ अभियानका तर्फबाट डाँडावारी फाउण्डेशनले उच्च अदालतमा रिट दायर गरेको थियो । अदालतको आदेशपछि चैत १४ गतेदेखि लागू हुने गरी ढावघाटअन्तर्गत स्थानबाट नदीजन्य सामग्री (घाटगद्दी) ढुङ्गा, गिटी, बालुवा, दहत्तर बहत्तर आदिको बिक्री शुल्क सङ्कलन गर्नेसम्बन्धी ठेक्का रद्द गरिएको महानगरका प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रदेव भारतीले बताउनुभयो। उहाँका अनुसार महानगरले गत माघ २५ गते सिटी विल्डर्स पोखरासँग ढावघाटअन्तर्ग स्थानबाट नदीजन्य सामग्री बिक्री उत्खननका लागि ठेक्का सम्झौता गरेको थियो।

# उपप्राध्यापक देवीलाललाइ विद्यावारिधि उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, १३ चैत



त्रिभुवन विश्व विद्यालयको आङ्गिक पृथ्वीनारायण क्याम्पस पोखरामा प्राध्यापनरत व्यवस्थापन संकाय उपप्राध्यापक देविलाल शर्मा तिमिल्सिनालाई विद्यावारिधि उपाधि प्राप्त भएको छ।

भारतको राजस्थान कोटास्थित प्रदेश सरकारद्वारा सञ्चालित राजस्थान टेक्निकल युनिभर्सिटीले शर्मालाई उपाधि प्रदान गरेको हो । शर्माले 'गण्डकी प्रदेशका पालिकाहरूको वित्तीय स्वक्षमता' अध्ययन विषयमा तयार गरेको शोधपत्रका लागि उक्त उपाधि प्राप्त गरेको भारतबाट टेलिफान जानकारी गराएका हुन् । शर्माले उक्त विषयसँग सम्बन्धित दर्जन बढी अनुसन्धानमुलक लेख राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलहरूमा प्रकाशित छन् । 'स्थानीय सरकारको वित्तीय पद्धति' नामक पुस्तक प्रकाशोन्मुख छ।

**Teachers Wanted**

Only the qualified and experienced candidates with good command over English language are suggested to apply.

**1. Principal**
Bachelors Degree, minimum 1 year experience at a reputed institution with good quality.
**2. Primary Teacher (2):** Qualifications : +2 pass with good quality.
**3. Primary Teachers (2):** Qualifications: +2 pass with Montessori training certificate

Salary: Negotiable
Candidates must have one year experience
(Fresh candidates are also welcome to apply)
Interested candidates may send the application with CV, photocopy of citizenship, addressed to the school administration within 25th Chaitra 2079

Aandhikhola Boarding School
Aandhikhola Gaupalika, 05 Jugle Syangja
Contact number: 9814153013/ 9846818524

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# पीडितको कुरा सुन

राजनीतिक व्यवस्था परिवर्तन भएपनि अवस्थामा परिवर्तन आउन सकेको छैन । जनताको सरकार भए मात्र पीडितका समस्या बुझ्न सक्छ । मिटर व्याज पीडितहरूका कुरा सुन्न राज्य संयन्त्रले नसक्ने होइन ।राज्य संयन्त्र पीडितका कुरा सुन्ने भन्दा पीडकप्रति उदार हुने गरेको छ । मिटर व्याजबाट आक्रान्त भएकालाई राज्य संयन्त्रले कहिल्यै देखेन।उखु खेती गर्ने किसानले चिनी उद्योगीबाट रकम पाउन पटकपटक आन्दोलन गर्नुपर्‍यो ।अहिले सरकारलाई आफ्ना माग सुनाउन मिटर व्याज पीडितहरू काठमाडौं आइपुगेका छन। ११ दिन पैदलयात्रा गरेर काठमाडौं आइपुगेका मिटरब्याज पीडितहरू सोमबार राति खुलामञ्च अगाडि सडकपेटीमै रात कटाउन बाध्य छन।प्रहरीले खुलामञ्चमा प्रवेश गर्न नदिएपछि सयौं पीडितहरूले सडकपेटीमै सुतेका छन।

सोमबार दिनभर खुलामञ्चको गेट अगाडि प्रदर्शन गरेका पीडितहरू रात परेपछि खुलामञ्चभित्र सेल्टर बनाउने भन्दै प्रहरीसँग आग्रह गरे पनि प्रहरीले प्रवेश गर्न नदिएपछि उनीहरूले बाहिरै ओछ्यान लगाए । पीडितहरू बासका लागि खुलामञ्चभित्रै रात कटाउने योजना थियो ।राति अबेरसम्म पनि पीडितहरूले प्रहरीसँग अनुरोध गरिरहेका थिएन । प्रहरीसँग उनीहरूको केही बेर धकेलाधकेलसमेत भएको थियो । प्रहरीले प्रवेश नै गर्न नदिएपछि उनीहरू पेटीमै सुत्न बाध्य भए ।नागरिकको पीडा नबुझ्ने साशक रहुन्जेल पीडितहरूले कष्टकर जीवन जिउनु पर्छ ।

बर्दिबासदेखि ११ दिनको पैदल यात्रापछि आइतबार बिहान काठमाडौं आएका थिए । काठमाडौं आएका मिटरब्याज पीडितहरूले सोमबार दिनभर नाराबाजी गरेका थिए । उनीहरूको माग "मिटरब्याजीलाई कारबाही गर', 'सहुलियत दरमा ऋणको व्यवस्था गर', 'तमसुक व्यवस्था खारेज गर', 'मिटरब्याजविरुद्ध कानुन निर्माण गर' हुन।लोकतान्त्रिक गणतन्त्रात्मक शासनकालमा यस्ता नारा लगाउनुपर्ने अवस्थाले हामी कुन जमानामा छौं भन्ने देखाउँछ । पीडितले लगाएका नाराले देशमा गणतन्त्र छ भनेर गफ लगाउन मिल्दैन सरकारले पहिले पीडितहरूसँग गरेका सम्झौता पालना गर्नुपर्छ ।

स्थानीय प्रशासन, स्थानीय सरकार र राजनीतिक तहले प्रयास गरेको भए ११ दिन पैदल हिडेर काठमाडौं आउनुपर्ने थिएन ।अब सरकारले माग पूरा नगरेसम्म यो समस्याले सरकार जेलिनेछ।सत्ताधारी दलका नेताले जनताको पिर मर्का नबुझ्ने दुहाइ जनताको दिने गरेका छन।जे भन्छन त्योभन्दा फरक गर्ने शासक रहुञ्ले पीडितले न्याय पाउने अवस्था रहँदैन ।शासन प्रणाली भन्दा साशकको सोचाइमा परिवर्तन ल्याउनुपर्ने आन्दोलन आजको खाँचो हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : अप्रत्यसित लाभ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : मन चञ्चल | धनु | : मानसिक तनाब |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शारीरिक झमेला |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# दूधमा प्रतिलिटर पन्ध्र अनुदान

**पोखरापत्र संवाददाता**
वालिङ, १३ चैत

स्याङ्जाको गल्याङ नगरपालिकाले यहाँका आठ सय ७६ दुग्ध उत्पादक किसानलाई अनुदान वितरण गरेको छ । चालु आर्थिक वर्ष २०७९/८० को पहिलो किस्ताबापत प्रतिलिटर रु १५ का दरले रु ३३ लाख ४६ हजार नौ सय १२ अनुदान किसानलाई उपलब्ध गराएको हो ।

आयआर्जनका लागि दूध उत्पादन कार्यक्रमअन्तर्गत उत्पादनमा आधारित रहेर प्रतिलिटर रु १५ अनुदान दुग्ध उत्पादक किसानलाई उपलब्ध गराउँदै आएको नगरप्रमुख गुरुप्रसाद भट्टराईले बताउनुभयो।

चालु आर्थिक वर्षको साउनदेखि पुस मसान्तसम्मको रकम पहिलो किस्तास्वरुप उपलब्ध गराइएको उहाँले बताउनुभयो । गल्याङ नगरपालिकाले किसानहरुलाई प्रोत्साहन गर्नका लागि चालु आर्थिक वर्षमा रु एक करोड रकम विनियोजन गरेको उपप्रमुख हेमा न्यौपानेले बताउनुभयो । नगरपालिकाले प्रतिलिटर रु १५ अनुदान उपलब्ध गराउँदै आएकाले किसानहरु पछिल्लो समय दूध उत्पादनतर्फ आकर्षित हुँदै जानुभएको छ भने उत्पादन पनि वृद्धि हुँदै गएको उपप्रमुख न्यौपानेले दाबी गर्नुभयो ।

नगरपालिकाले नगरभित्रका विभिन्न १८ वटा दुग्ध सङ्कलन केन्द्रमा नेपाल सरकारको दुग्ध विकास संस्थानले निर्धारण गरेको मूल्यमा दूध उपलब्ध गराउने किसानलाई प्रतिलिटर रु १५ अनुदान उपलब्ध गराउँदै आएको हो । सहकारी, सङ्कलन केन्द्र, फार्म गरी कूल १८ वटा स्थानमा आठ सय ७६ जनाले दुग्ध उत्पादक किसानहरुले सङ्कलन गरेको दूधका आधारमा प्रतिलिटर रु १५ का दरले अनुदान उपलब्ध गराइएको पशु शाखा प्रमुख सुशील अर्यालले बताउनुभयो ।

सबैभन्दा धेरै दूध उपलब्ध गराएबापत धेरै अनुदान प्राप्त गर्ने गल्याङ-१ मालुङ्गाको बिन्ध्यवासिनी कृषि पशु फार्म रहेको छ । उक्त फार्मले दुई लाख २३ हजार अनुदान प्राप्त गरेको छ । सहकारीहरुमध्येबाट गल्याङ-२ बटुवामा रहेको बटुवा दुग्ध उत्पादक सहकारी संस्थाले रु पाँच लाख नौ हजार ६ सय ९२ रकम प्राप्त गरेको शाखाप्रमुख अर्यालले बताउनुभयो ।

गल्याङ नगरपालिका-९ मा सबैभन्दा धेरै दुग्ध उत्पादक सहकारी तथा सङ्कलन केन्द्रहरु रहेका छन् । उक्त वडामा मात्रै छवटा सङ्कलन केन्द्र छन् । गल्याङ नगरपालिकाका ११ वडामध्ये दूध उत्पादनमा अनुदान कार्यक्रम वडा नं १, २, ३, ६, ७, ८, ९ र ११ मा रहेको छ ।

गल्याङ नगरपालिकाभित्रका १८ वटा सङ्कलन केन्द्रहरुमध्ये केहीमा हरेक दिन बिहानसाँझ गरी दुईपटक दूध सङ्कलन हुने गरेको छ । यहाँ सङ्कलन भएको दूध बुटवलस्थित दुग्ध विकास संस्थान र पोखरास्थित सुजल डेरीले लैजाने गरेको छ ।

# १८१ जना पत्रकारले गरे आँखा परीक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, १३ चैत




नेपाल नेत्रज्योति संघ कास्कीको आयोजना र पत्रकार महासंघ गण्डकी प्रदेश समितिको संयोजनमा भएको निःशुल्क आँखा शिविरमा १८१ जना पत्रकारहरुले आँखा जाँच गराएका छन् र आँखा जाँचको क्रममा पत्रकारहरुमा दृष्टि दोषको समस्या सबैभन्दा बढिमा देखिएको छ । १८१ जनामा गरिएको परीक्षणमध्य १०५ जनामा आँखा सुख्खा हुने, पोल्ने समस्या देखिएको छ । उनीहरुलाई औषधी दिइएको छ।

वातावरणीय प्रदुषणका कारण आँखामा समस्या बढि देखिने र कम्प्युटर स्क्रिनमा बढी समय काम गर्दा त्यस्तो समस्या देखिने हिमालय आँखा अस्पतालका नेत्र अधिकृत सुभाष नेपालले बताए ।

यस्तै पढ्न लेख्न समस्या देखिएका कारण ३५ जनालाई नियर भिजन ग्लास भएको चश्मा उपलब्ध गराइएको छ भने नानी फुलाएर जाच्नु पर्ने (रेटिना फुलाउने) र आँखाका नानीहरुको नसा परीक्षण गर्नु पर्ने बिरामीलाई थप विस्तृत जाँचका लागि हिमालय आँखा अस्पतालमा रिफर गरिएको छ । रिफर भएका पत्रकारहरुको थप स्वास्थ्य परीक्षण निःशुल्क हुने हिमालय आँखा अस्पतालका मेडिकल डाइरेक्टर डा. इलिया श्रेष्ठले बताइन् ।

शिविरको उद्घाटन सत्रमा बोल्दै नेत्रज्योती संघ कास्कीका अध्यक्ष वरिष्ठ अधिवक्ता कृष्ण गुरुङले समाजमा दिन रात खट्ने पत्रकारहरुको आँखा स्वास्थ्यलाई स्वस्थ्य राख्ने उद्देश्यले निःशुल्क सिविर आयोजना गरिएको बताए ।

हिमालय आँखा अस्पताल पोखराका मेडिकल डाइरेक्टर डा. इलिया श्रेष्ठले हिमालय आँखा अस्पतालले आम नागरिकका आँखा उपचार सेवामा पुर्‍याएको योगदानको चर्चा गर्दै सञ्चारकर्मीहरुलाई सेवा दिन पाउदा गर्व लागेको बताइन् । शिविरको समन्वय संस्था पत्रकार महासंघ गण्डकी प्रदेश समितिका का.वा अध्यक्ष गोविन्द सुवेदीले पत्रकारहरुको छाता संस्थाको ६७ औं स्थापना दिवसको उपलक्ष्यमा नेत्रज्योती संघको आयोजनामा भएको निःशुल्क आँखा जाँच शिविरले पत्रकार महासंघ र नेत्रज्योती संघबीच थप सम्बन्ध प्रगाढ भएको बताउदै आगामी दिनहरुमा पनि सहयोगको अपेक्षा रहेको बताएका छन् । पत्रकार महासंघका केन्द्रीय सदस्य सरिता तिम्सिना पंगेनीले पत्रकारहरुको लागि बेला बेलामा आँखा परीक्षण गरिहनु पर्ने बताइन । निःशुल्क शिविर कार्यक्रम प्रेस स्वतन्त्रता सेनानी अग्रज पत्रकार नारायण कार्कीको आँखा परीक्षण गरि उद्घाटन गरिएको थियो । कार्यक्रमको सञ्चालन महासंघका सचिव यदुनाथ बञ्जाराले गरेका थिए ।

# एमालेको 'मिसन ग्रासरुट अभियान' को सातै प्रदेशमा समीक्षा

**रासस**
काठमाडौं १३ चैत

नेकपा (एमाले) ले पार्टी सुदृढीकरण तथा विस्तार अभियानका लागि सञ्चालन गरेको 'मिसन ग्रासरुट अभियान'को समीक्षा बैठक राखेको छ ।

पार्टी महासचिव शङ्कर पोखरेलद्वारा जारी गरिएको सर्कुलरमा मिसन ग्रासरुटको अभियानको सातवटै प्रदेशस्तरमा समीक्षा बैठक राखिएको बनाउनुभयो। सुदूरपश्चिम प्रदेशमा आगामी वैशाख २ र ३ गते, कर्णाली प्रदेशमा वैशाख ४ र ५ गते, लुम्बिनी प्रदेशमा वैशाख ६ र ७ गते, बागमती प्रदेशमा वैशाख १० र ११ गते, गण्डकी प्रदेशमा वैशाख १२ र १३ गते मिसन ग्रासरुट अभियानको समीक्षा बैठक राखिएको छ ।

मधेस प्रदेशमा वैशाख १४ र १५ गते, कोशी प्रदेशमा वैशाख १६ र १७ गते, गैरभौगोलिक क्षेत्रमा वैशाख १८ र १९ गते मिसन ग्रासरुट अभियानको समीक्षा बैठक राखिएको छ । प्रदेश तहमा गरिएको समीक्षाको प्रतिवेदन केन्द्रीय कमिटीमा प्रस्तुत गरिने छ । सोही प्रतिवेदनको आधारमा पार्टीले आगामी कार्ययोजना बनाउने बताइएको छ । समीक्षा बैठकमा प्रदेशमा खटिनुभएका पार्टीका केन्द्रीय उपाध्यक्षको सहभागितामा हुनेछ । बैठकमा प्रदेशभरि खटिनुभएका सबै केन्द्रीय सदस्य रहनुहुनेछ । एमालेले चैत २० गतेभित्र मिसन ग्रासरुट अभियान सम्पन्न गर्न निर्देशन दिएको छ । पालिकास्तरमा चैत २० देखि २५ गतेसम्म पालिका तह समीक्षा र जिल्लास्तरमा चैत २५ देखि ३० गतेसम्म समीक्षा बैठक राख्न भनिएको छ । महासचिव पोखरेलद्वारा जारी सर्कुलरमा मिसन ग्रासरुट अभियान योजनाअनुसार नै अघि बढिरहेको भए पनि कतिपय स्थानमा उद्देश्यभन्दा भिन्न परम्परागत राजनीतिक गतिविधि जस्ता बन्न पुगेका जनाइएको छ ।

"कतिपय ठाउँमा केन्द्रीय प्रतिनिधिको उपस्थितिमा मात्र गतिविधि हुने गरेको देखिएको छ भने केन्द्रीय प्रतिनिधि उपस्थित हुन नसकेको केही ठाउँमा अभियानको नेतृत्व कसले गर्ने भन्ने हो अवस्था रहेको छ", सकुर्लरमा भनिएको छ ।

# हटिया-ताराखोला सडक : म्याद सकियो, सकिएन कालोपत्रे

**रासस**
गलकोट, १३ चैत

निर्माण व्यवसायीले सरसर्ती सडकको काम गरेको भए अहिले गलकोट हुँदै ताराखोलाको यात्रा निकै सहज हुन्थ्यो ।

गलकोट नगरपालिकाको केन्द्र हटियादेखि गाईघाट हुँदै ताराखोला जोड्ने रणनीतिक सडक म्याद सकिँदासम्म कालोपत्रे हुन सकेको छैन । डेढ वर्षअघिनै कालोपत्रे सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरेकोमा दुई पटक म्याद थप गर्दासमेत उक्त सडकको कालोपत्रे सम्पन्न हुन नसकेको हो । समयमै कालोपत्रे नहुँदा गलकोट नगरपालिकाको केन्द्र हुँदै ताराखोला पुग्ने यात्रुलाई सास्ती भएको छ ।

ठेकेदार कम्पनीको लापर्बाहीका कारण सडक समयमै नसकिएको गलकोट नगरपालिकाका नगर प्रमुख भरत शर्मा गैरेले बताउनुभयो । "गलकोटको गौदीखोला पुलदेखि गलकोट नगरपालिकाको कार्यालयअघि हुँदै ताराखोला पुग्ने सडक चार वर्ष पुगिसक्दासमेत कालोपत्रे भएन", उहाँले भन्नुभयो, "दुई पालिका जोड्ने सडक कालोपत्रे भएमा गलकोट र ताराखोलाको सिमानामा रहेको गाइघाट झरनामा पुग्ने पर्यटकलाई समेत सहज हुने थियो, अहिले गलकोट नगरपालिकाको कार्यालय अघि कालोपत्रेका लागि ढिलै भए पनि ग्राभेल गरेको छ ।"

ताराखोलालाई केन्द्र बनाएर गलकोट नगरपालिका र म्याग्दी जोड्ने उक्त रणनीतिक सडक म्याद सकिएको डेढ वर्ष भइसकेको छ । म्याद सकिएपछि दुई पटक म्याद थप्दासमेत कालोपत्रे नभएको पूर्वाधार कार्यालय बागलुङले जनाएको छ । पूर्वाधार कार्यालय बागलुङका प्रमुख गणेश सुवेदीले निर्माण व्यवसायीको ढिलासुस्तीका कारण सडक कालोपत्रेमा समस्या भएको जानकारी दिनुभयो । "यो ठेक्का आर्थिक वर्ष २०७५/०७६ लगाइएको थियो, आगामी म्याद सकिएपछि पुन दुई पटक थपियो, पुससम्म ठेक्का म्याद छ, त्यो म्यादभित्र सडक कालोपत्रे सक्न निर्देशन दिएका छौं, अहिले ग्राभेलको काम गरिरहेको छ तर गाईघाट झरनाभन्दा माथि भौगोलिक जटिलताको कारण देखाउँदै काम ढिलो गरेको छ", उहाँले भन्नुभयो, "अहिले पाँच किलोमिटर सडकमा ग्राभेल गरेको छ त्यही गतिमा काम गरे मात्रै पुससम्म सम्भव होला नत्र अहिले कायम भएको मितिभित्र समेत सडक कालोपत्रे सकिँदैन ।" उहाँका अनुसार कोरोना महामारी र आर्थिक वृद्धिदरको कारण देखाउँदै ठेकेदार कम्पनीले काममा ढिलाइ गरेको हो । अहिले बिछ्याएको ग्राभेलमा समेत त्रुटि देखिएकाले सच्चाउन लगाइएको छ ।

झन्डै ४० किलोमिटर लामो रणनीतिक सडकमध्ये अहिले गलकोटको हटियादेखि सयपत्री जलविद्युत् आयोजनासम्म १० किलोमिटर मात्रै कालोपत्रेको लागि एपेक्स खड्का कृष्ण संयुक्त निर्माण कम्पनीसँग रु २४ करोडमा ठेक्का सम्झौता भएको थियो । ठेक्का लिएको १० किलोमिटरमध्ये साढे पाँच किलोमिटर सडकमा बेस राखेर ग्राभेल भरे पनि बाँकी खण्डमा काम ढिलो भएको छ । उक्त सडकको हालसम्मको प्रगति ५० प्रतिशत मात्रै भएको छ । अहिलेसम्म रु १२ करोडभन्दा धेरै रकम भुक्तानीसमेत भइसकेको छ । सडक कालोपत्रेमा ढिलाइ हुँदा गलकोट नगरपालिका वडा नं ५ र ६ तथा ताराखोला गाउँपालिका वडा नं १ र ३ का बासिन्दाले सास्ती खेप्दै आएका छन् । सडक निर्माणको जिम्मा पाएको एपेक्स खड्का कृष्ण संयुक्त निर्माण कम्पनीका इन्जिनियर रामु कँडेलले कोरोना महामारी, विद्युतीय पोल र मूल्यवृद्धिका कारण समयमै काम नसकिएको जिकिर गर्नुभयो । उहाँले पुस मसान्तसम्म सात किलोमिटर सडक कालोपत्रे गरिसक्ने बताउँदै पूर्वाधारको काम अन्तिम चरणमा पुगेको बताउनुभयो । "अहिले धमाधम सडक ग्राभेल गर्ने कार्य भइरहेको छ, गाईघाट झरनादेखि माथि पहिरोले निर्माण गरेको पूर्वाधारमा क्षति पुग्दा समस्या भयो, अहिले विद्युत्का पोलसमेत सार्न थालिएको छ", उहाँले भन्नुभयो, "अब कामले गति लिन्छ समस्याग्रस्त क्षेत्रमा कालोपत्रे नगरेर ढलान गर्नका लागि छलफल भइरहेको छ ।"

हटियादेखि गाईघाट झरनासम्म ६३ पोल सार्नका लागि ठेक्कामार्फत अहिले काम भइरहेको नेपाल विद्युत् प्राधिकरण बागलुङ शाखाका प्रमुख दिलीप मरासिनीले जानकारी दिनुभयो । उहाँका अनुसार विद्युत्का पोल सार्ने काम केही दिनमै सकिने जनाउँदै निर्माण व्यवसायीलाई छिटो सडक कालोपत्र गर्न सुझाव दिनुभयो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १४ खाल्टे जागिृतिमार्ग डाँडागाउँको २६० मि. बाटो ढलान गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नामः खाल्टे जागिृति मार्ग डाँडागाउँको २६० मि. बाटो ढलान
स्थानः पोखरा–१४ कास्की
योजना सम्झौता मिति : २०७९/०९/३० गते
योजना सुरु भएको मिति : २०७९/१०/०१ गते
योजना सम्पन्न मितिः २०७९/११/१९ गते
योजनाको कुल लागत : रु. १७,२०,८१६.३२ ।–
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.१२,००,००० ।–
जन सहभागितावाट : रु. ५,२०,८१६.३२ ।–
उपभोक्ता समिति अध्यक्षः कर्ण बहादुर थापा
उपाध्यक्ष : खेम गुरुङ
कोषाध्यक्षः याम बहादुर गुरुङ
सचिवः जमुना घर्ती मगर

**खाल्टे जागिृति मार्ग डाँडागाउँको २६० मि. बाटो ढलान उपभोक्ता समिति पोखरा-१४**

# पर्यटकको रोजाइमा खुमै डाँडा

पोखरापत्र संवाददाता
पोखरा, १३ चैत

खुमैडाँडा पुग्ने आन्तरिक पर्यटकको सङ्ख्या दिनप्रतिदिन बढ्दो छ । पर्यटकको सङ्ख्या बढ्दा त्यहाँका तीन होटल सञ्चालकलाई भ्याइनभ्याइ छ । समुद्री सतहबाट तीन हजार दुई सय ४५ मिटरको उचाइमा रहेको खुमैडाँडाबाट दुई घण्टा हिँडेर कोर्चौं पुगिन्छ । कोर्चाङ तीन हजार छ सय ८२ मिटरको उचाइमा छ ।

स्थानीयले ग्रेट माछापुच्छ्रे ट्रेल नाम दिएको सरीपाखा-खुमैडाँडा-कोर्चौं पदयात्रा पोखराबाट दुई दिनमै सकिन्छ । पोखराको हेम्जादेखि सरिपाखासम्म १३ दशमलव तीन किलोमिटर मोटर यात्रामा पुगिन्छ । यसपछि पाँचदेखि सात घण्टाको हिँडाइपछि खुमै पुग्न सकिने माछापुच्छ्रे गाउँपालिका-१ का वडाध्यक्ष इन्द्रबहादुर गुरुङले जानकारी दिनुभयो ।

खुमैभन्दा माथि बासको व्यवस्था नभएकाले पहिलो दिनको रात त्यही कटाएर भोलिपल्ट बिहान दुई घण्टाको हिँडाइपछि कोर्चौं डाँडासम्म पुगेर पोखरा फर्कन सकिने उहाँले बताउनुभयो ।

यसैबीच कास्कीको माछापुच्छ्रे गाउँपालिकाको १६ औँ कार्यपालिका बैठक हालै खुमैडाँडामा सम्पन्न भएको छ ।

पर्यटन प्रवर्द्धनका लागि पर्यटकीय डाँडा खुमैमा बैठक राखिएको माछापुच्छ्रे गाउँपालिकाका अध्यक्ष मीनबहादुर गुरुङले जानकारी दिनुभयो । पछिल्लो समय खुमै जाने आन्तरिक तथा बाह्य पर्यटक बढेका कारण त्यस क्षेत्रको पूर्वाधार विकासका निर्माणमा बैठक केन्द्रित भएको उहाँले बताउनुभयो । "केही महिनायता हाम्रो पालिकामा पर्ने खुमैडाँडामा पर्यटकको आगमन धेरै भएको छ", उहाँले भन्नुभयो, "पाहुना त आउनुभएको छ । तर, उहाँहरूका लागि के आवश्यक छ भनेर बुझ्नका लागि अवलोकनसहित पालिकाको बैठक नै यहाँ राखिएको हो ।"

बैठकले सरीपाखा-खुमै-कोर्चौंसम्मको रुटलाई पर्यटकीय पदमार्ग घोषणा व्यवस्थापनको काम अघि बढाउने निर्णय गरेको प्रमुख प्रशासकीय अधिकृत बेदहरी अधिकारीले जानकारी दिनुभयो । योसँगै हिमाली क्षेत्रको जलवायु परिवर्तनको असर न्यूनीकरण, सरसफाइ, कार्बन व्यापारको बजेटमा गाउँपालिकाको अधिकारकालागि पहल गर्ने लगायत निर्णय गरिएको उहाँले बताउनुभयो । "खुमैडाँडामा बसेको कार्यपालिका बैठकले जलवायु परिवर्तनलाई न्यूनीकरण गर्न सरसफाइमा ध्यान दिने अनि कार्बन व्यापारको बजेटमा गाउँपालिकालाई अधिकारी हुनुपर्‍यो भन्ने निर्णय भएको छ", उहाँले भन्नुभयो ।

# पर्वतमा प्रभावकारी भएन किशोर-किशोरी मैत्री स्वास्थ्य सेवा

पोखरापत्र संवाददाता
पर्वत, १३ चैत

पर्वतमा किशोर-किशोरी मैत्री स्वास्थ्य सेवा प्रभावकार रुपमा सञ्चालन हुन सकेको छैन ।

गत वर्षदेखि जिल्लाका १३ स्वास्थ्य संस्थाबाट सेवा प्रदान गर्ने गरी कार्यक्रम अघि बढाइएको थियो । विभिन्न समस्यामा परेका किशोर-किशोरीलाई स्वास्थ्य सेवा परामर्शमार्फत समाधान गर्नका लागि यो कार्यक्रम सञ्चालन सुरु गरिए पनि दक्ष जनशक्ति, उचित व्यवस्थापन, गोपनीयता र सूचना तथा सञ्चारको अभावले कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन हुन नसकेको हो । पछिल्लो समय किशोर-किशोरीमा मानसिक समस्या, लागुऔषध दुर्व्यसनी, सडक दुर्घटना, आत्महत्याको समस्या बढ्दै जाँदा समाजमा विभिन्न घटना घट्दै गएका छन् । स्वास्थ्य संस्था र विद्यालयको बीच आवश्यक समन्वय र सहकार्य नहुँदा पनि किशोर-किशोरीमा यस्ता समस्या बढ्दै गएको स्वास्थ्य कार्यालय पर्वतका निमित्त कार्यालय प्रमुख सन्तोष पौडेलले जानकारी दिनुभयो । उचित समयमा परामर्श भएमा खतराबाट मुक्त हुन सक्ने परामर्शताको भनाइ रहेको छ । जिल्लामा हाल १० देखि १९ वर्षसम्मका करिब २१ हजार किशोर-किशोरी रहेको तथ्याङ्क छ । जिल्ला प्रहरी कार्यालयको तथ्याङ्कअनुसार चालु आर्थिक वर्षमा २० वर्षमुनिका आठजनाले आत्महत्या गरेका छन् भने दुई जना लागुऔषधमा पक्राउ परेका छन् । त्यसैगरी जिल्ला अस्पतालको तथ्याङ्कअनुसार २० वर्षमुनिका २६ किशोरीले गर्भपतन सेवा लिएका छन् । किशोरीलाई घरपरिवारबाट समय मानै उचित परामर्श सेवा सेवा दिनसकेमा पनि केही समस्या घट्न सक्ने स्वास्थ्य कार्यालयको भनाइ रहेको छ । किशोर-किशोरीको भविष्यसँग जोडिएको स्वास्थ्य सेवामा अन्य सङ्घसंस्थाको भूमिकासमेत न्यून रहेको पाइएको छ । विभिन्न सङ्घसंस्थाले यो कार्यक्रमलाई प्रभावकारी गराउन पहल गरेमा किशोर-किशोरीमा देखिने समस्य तथा हुनसक्ने घटना न्यूनीकरण हुने जिल्ला समन्वय समितिका संयोजक विष्णुराम विकले बताउनुभयो ।

स्वास्थ्य कार्यालयले आयोजना गरेको किशोर-किशोरीमैत्री स्वस्थ्य सेवा समीक्षा कार्यक्रममा उहाँले किशोर-किशोरीमैत्रीस्वास्थ्यसेवाकार्यक्रम गाउँ तहसम्म पुऱ्याउनुपर्ने तथा विशेष गरी विद्यालयमा सञ्चालन गर्नुपर्नेमा जोड दिनुभयो । किशोर-किशोरीलाई सेवा दिँदा गोपनीयता र विश्वसनीयताको अभावमा पनि कार्यक्रम प्रभावकारी हुन नसकेको बताउँदै सेवा प्रदान गर्दा संवेदनशील हुनपर्नेमा जोड दिनुभयो । उहाँले आगामी दिनमा कार्यक्रम सञ्चालन गर्दा आफूले सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो ।

# तनहुँमा सवारी दुर्घटना : सात महिनामा १५ को मृत्यु

पोखरापत्र संवाददाता
दमौली, १३ चैत

तनहुँमा चालु आर्थिक वर्षको सात महिनामा सवारी दुर्घटनाबाट १५ जनाको मृत्यु भएको छ । चालु आव २०७९/८० को साउनदेखि माघसम्म जिल्लाका विभिन्न ठाउँमा भएका दुर्घटनामा १५ जनाको मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय तनहुँले जनाएको छ ।

मृत्यु हुनेमा दश पुरुष, चार महिला र एक बालक रहेको कार्यालय प्रमुख प्रहरी नायब निरीक्षक राजीव विष्टले जानकारी दिनुभयो । सोही अवधिमा भएका दुर्घटनामा २८ जना घाइते भएका छन् । त्यसमध्ये १९ पुरुष, पाँच महिला र चार बालबालिका छन् । यो अवधिमा जिल्लामा ३६ सवारी दुर्घटना भएको छ ।

गत आव २०७८/७९ मा तनहुँमा ४९ जनाले सवारी दुर्घटनामा ज्यान गुमाएका थिए । उक्त अवधिमा ३५ पुरुष, १२ महिला, एक बालक र एक बालिका गरी ४९ जनाको मृत्यु भएको थियो । कार्यालयले सात महिनाकै अवधिमा सवारी साधनलाई कारबाही गरेर रु दुई करोड नौ लाख ३७ हजार पाँच सय राजस्व सङ्कलन गरेको छ । प्रहरीले २६ हजार सात सय सवारी साधनलाई कारबाही गरेर उक्त राजस्व सङ्कलन गरेको हो ।

कारबाहीमा पर्नेमध्ये दुई पाङ्ग्रे सवारी साधनको सङ्ख्या बढेको छ । नौ हजार पाँच सय ४४ मोटरसाइकल तथा स्कुटर, पाँच हजार एक सय ४५ ट्रक, टिपर, पाँच हजार नौ सय २९ कार, जिप, एक हजार दुई सय १९ ट्याक्टर र चार हजार छ सय ५८ यात्रुवाहक बस र दुई सय पाँच अन्य सवारी साधनलाई कारबाही गरिएको प्रहरीले जनाएको छ ।

आर्थिक वर्ष ०७७/७८ मा जिल्लामा ४८ जनाले सवारी दुर्घटनामा ज्यान गुमाएका थिए । उक्त अवधिमा ३७ पुरुष, आठ महिला र तीन बालकले ज्यान गुमाएका थिए । आर्थिक वर्ष ०७६/७७ मा ४४ र आव ०७५/७६ मा ६० जनाको सवारी दुर्घटनामा परी मृत्यु भएको थियो ।

जिल्लामा सबैभन्दा बढी दुई पाङ्ग्रे सवारी साधन दुर्घटना हुने गरेको छ । दुई पाङ्ग्रे सवारी साधन अत्यधिक भएकाले मोटरसाइकल र स्कुटर बढी दुर्घटनामा पर्ने गरेको विष्ट बताउनुहुन्छ । उहाँले भन्नुभयो, "तीव्र गतिका कारण दुई पाङ्ग्रे सवारी साधन दुर्घटनामा परेको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ । युवाले जथाभावी सवारी हाँक्ने गरेकाले यो सङ्ख्या अत्यधिक छ ।"

सडकको भौगोलिक बनावट र खाल्डाखुल्डी पनि सडक दुर्घटनाको प्रमुख कारण रहेको प्रहरीको भनाइ छ । दुर्घटना कम गराउन प्रहरीले विद्यालय, क्याम्पसमा पुगेर पनि अभियान सञ्चालन गरिरहेको छ ।

जिल्लामा बढीजसो दुर्घटना पृथ्वी राजमार्गमा हुने गरेको छ । पृथ्वी राजमार्गअन्तर्गत कोत्रे, गाछेपानी, अकला, गुणादी, कमलबारी, नाहाला, विमलनगर, आँबुखैरेनीस्थित पावरहाउस बढी दुर्घटना हुने स्थान हुन् ।

# कालिका मन्दिर परिसरमा आजदेखि चैतेदसैं मेला

पोखरापत्र संवाददाता
बलेवा, १३ चैत

बागलुङ कालीका भगवती गुठी व्यवस्थापन समितिको आयोजनामा आजदेखि १७ गतेसम्म कालिका मन्दिर परिसरमा ऐतिहासिक चैत्राष्टमी मेला सुरु हुँदैछ ।

समितिका अध्यक्ष कुमार खड्काले परम्परागत रुपमा चल्दै आएको मेलालाई व्यवस्थित बनाउन मेला आयोजना गरिएको बताउनुभयो । मेलाका लागि खेल तथा सांस्कृतिक कार्यक्रम जोडिएको उहाँले जानकारी दिनुभयो । मेलाको सबै तयारी पूरा भएको छ । मेलालाई व्यवस्थित बनाउन खड्काको संयोजकत्वमा मूल समिति गठन भएको छ भने अन्य उपसमिति पनि गठन गरिएको छ । रामबहादुर खड्काको संयोजकत्वमा आर्थिक संयोजन समिति, अर्जुन खड्काको संयोजकत्वमा कालीका कप खुला पुरुष भलिबल प्रतियोगिता, भरत खड्काको संयोजकत्वमा लोक तथा दोहोरी गीत प्रतियोगिता सञ्चालन हुनेछ ।

त्यस्तै, पारस खड्काको संयोजकत्वमा छेलो प्रतियोगिता, ध्रुव खड्काको संयोजकत्वमा मञ्च व्यवस्थापन, विद्या खड्काको संयोजकत्वमा अथिति सत्कार, राजेशचन्द्र राजभण्डारीको संयोजकत्वमा प्रचारप्रसार, राम शर्माको संयोजकत्वमा अनुगमन र तारा शर्माको संयोजकत्वमा व्यवस्थापन समिति गठन गरिएको छ ।

कालीका कप पुरुष भलिबल खेलमा प्रथम हुने टिमलाई रु तीन लाख, दोस्रो हुनेलाई रु एक लाख ५० हजार, तेस्रो हुनेलाई रु ७० हजार र सान्त्वना रु २० हजार नगद पुरस्कार दिइनेछ । राष्ट्रिय लोकभजन प्रतियोगितामा प्रथम हुनेलाई रु दुई लाख, दोस्रो हुनेलाई रु एक लाख र तेस्रो हुनेलाई रु ५० हजार नगद पुरस्कार दिनेछ ।

यस्तै, छेलोतर्फ प्रथम हुनेलाई रु १५ हजार, दोस्रो हुनेलाई रु सात हजार पाँच सय नगद पुरस्कार दिइने बताइएको छ । मेलाको लागि गत सातादेखिनै रमाइलो मेला र स्टलमा व्यवसाय सञ्चालन भइरहेको छ । चैतेदसैंमा बागलुङको गाउँगाउँमा बनाइएका घरेलु उद्यमका सामग्री पनि बिक्रीका लागि ल्याइन्छ । बाँस र निगालोबाट बनेका डोका, डाला, नाङ्ला, मान्द्रोलगायतका सामग्री ल्याइन्छन् । त्यस्तै दारको ठेका, फलामबाट बनेका विभिन्न घरेलु हतियारसमेत बिक्री गर्न ल्याउने गरिन्छ ।

# फेकोफन माछापुच्छ्रेको अध्यक्षमा ढुङ्गाना

पोखरापत्र संवाददाता
पोखरा, १३ चैत



सामुदायिक वन उपभोक्ता महासंघ माछापुच्छ्रे गाउँपालिकाको दोस्रो अधिवेशनले धर्मराज ढुङ्गानाको अध्यक्षतामा दश सदस्य नयाँ कार्य समिति सर्वसम्मत चयन गरेको छ ।

सो समितिको उपाध्यक्ष बाबुराम तिमिल्सिना, सचिव मालती अधिकारी, कोषाध्यक्षमा पार्वती अधिकारी सदस्यहरुमा यमुना भुजेल,गौरी पौडेल, उमानाथ अधिकारी निर्वाचित हुनु भएको छ । बाँकी सदस्य पछि मनोनित गरिने बताइएको छ ।

अधिवेशनले प्रदेश प्रतिनिधिमा सोमबहादुर भुजेल, मार्कण्य अधिकारी,बलराम ढुङ्गाना, गुरुदत्त अधिकारी, गिता अधिकारी, गिता बराल, गायत्री अधिकारी, बुद्धिमाया अधिकारी एवम् जिल्ला प्रतिनिधिमा चुडामणी अधिकारी, खिमलाल अधिकारी,दाताराम अधिकारी, रमा गौतम, अनिता नेपाली र लक्ष्मी ढुङ्गाना निर्वाचित हुनु भएको छ । सामुदायिक वन उपभोक्ता महासंघ नेपालका केन्द्रीय सदस्य एवम् प्रचार विभाग प्रमुख हरि बास्तोलाले अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) खारेज गरि स्थानीय बासिन्दालाई संरक्षणको जिम्मा दिनु पर्नेमा जोड दिनुभयो । स्थानीय समुदाय प्राकृति श्रोतको उपयोगबाट बञ्चित हुन नहुने बताउँदै उहाँले वन क्षेत्रमा उपभोक्ताको अधिकार स्थापित गर्न तीनै तहका सरकार जिम्मेवार भएर लाग्नु पर्ने आवश्यकता औल्याउनुभयो ।

महासंघ गण्डकी प्रदेशका अध्यक्ष कालिदास सुवेदीले महासंघले उपभोक्ताको हक अधिकार स्थापित गर्न जिम्मेवार भएर अघि बढेको बताउँदै वन एने, विनियम र कार्ययोजना अनुरुप प्रकृया मिलायर वन पैदावार उपयोग गर्नुपर्ने बताउनुभयो ।

सामुदायिक वन उपभोक्ता महासंघ कास्की अध्यक्ष विश्वनाथ अधिकारीले जिल्लामा पाँच सय भन्दा बढी सामुदायिक वन समूह रहेको जानकारी दिँदै सम्भाव्यता अध्ययनका आधारमा वन क्षेत्रलाई आयआर्जनसंग जोडिन खालका उद्यम सञ्चालनतर्फ लाग्नु पर्ने विचार व्यक्त गर्नुभयो ।

गाउँपालिका महासँघ माछापुच्छ्रेका अध्यक्ष चुडामणी अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा वडा नं. ६ का वडासदस्य गुरुदत्त अधिकारी, उमानाथ अधिकारी, मालती अधिकारी लगायतले सर्वसुलभ तरिकाले वन पैदावार उपयोग गर्ने खालको निती आवश्यक रहेको बताउनुभयो ।

**Phedikhola Rural Municipality**
**Office of Rural Municipal Executive**
**Phedikhola, Syangja**
**Gandaki Province, Nepal**

**Invitation for Catalogue Shopping of Vehicle (Ambulance)**

**First day of Publication: 2079/12/14**

Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja intends to procure 4WD-Ambulance as listed on the table below under the catalogue shopping procedure and custom free procedure as described on the Public Procurement Act, 2063. All eligible manufacturers or authorized dealers are invited to submit sealed proposal with their catalogue containing technical data, specifications, price and services within 10 (ten) days of first publication date of notice during office hours at Office of Rural Municipal Executive, Phedikhola, Syangja. The manufacturers or authorized dealer must submit copy of Firm Registration Certificate, Copy of Business Registration Certificate, Copy of VAT and PAN Registration Certificate, Copy of Tax Clearance Certificate for the F/Y 2078/79 and the letter of authorization along with the application. The detailed specifications can be collected from Office of Rural Municipal Executive, Phedikhola, Syangja or website www.phedikholamun.gov.np.

| Vehicle Type | General Specifications | Quantity | Remarks |
|---|---|---|---|
| Hard Top Ambulance, 4 WD Right Hand Drive Model Ambulance | • Diesel Engine with maximum rated power output not less than 45 KW<br>• Torque not less than 180 N-m<br>• Transmission: manual shift at five forward and one reverse<br>• Brakes: Front disc and rear drum type<br>• Ground clearance: minimum 180 mm<br>• Equipped with emergency equipment such as stethoscope, BP set, ECG and oxygen monitor, foldable trolly cum stretcher, siren, delivery sets, dressing sets, various intubation tubes etc. as per Technical Specifications of Ambulance. | 1 Unit | Detail specifications which are not included in this notice shall be as per approved Technical Specifications of Ambulance |